# नेपाल राजपत्र

**नेपाल सरकारद्वारा प्रकाशित**

**खण्ड ७०) काठमाडौं, कार्त्तिक २४ गते, २०७७ साल (अतिरिक्ताङ्क ३०(क)**


# भाग ५

## नेपाल सरकार

## अर्थ मन्त्रालयको

## सूचना

नेपाल सरकारले आर्थिक ऐन, २०७७ को दफा १८ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायको वस्तुमा कायम रहेको भन्सार महसुल र मूल्य अभिवृद्धि करको विद्यमान दरमा देहाय बमोजिम छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

१. भन्सार शीर्षक ४९.०१, ४९.०३ र ४९.०४ मा पर्ने विदेशी प्रकाशकद्वारा प्रकाशित पुस्तक तथा पत्रिकाको पैठारीमा लाग्ने भन्सार महसुल पूरै छुट दिने ।

२. लगानी बोर्ड तथा विद्युत विकास विभागको सिफारिसमा जलविद्युत उत्पादन आयोजनाले पेन स्टक पाईप बनाउने प्रयोजनका लागि पैठारी गर्ने हार्मोनाइज्ड प्रणालीको भाग ७२ अन्तर्गत सबै शीर्षकमा पर्ने स्टील सिटमा लाग्ने मूल्य अभिवृद्धि कर पूरै छुट दिने ।

आज्ञाले,
राम शरण पुडासैनी
नेपाल सरकारको सचिव ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।–
गो.हु.द.नं. १६।२०६२।६३